सूचना अधिकारी

१३३ औं कार्यपालिका बैठकका निर्णयहरू:

मिति : २०७९/०७/२५ गते

निर्णय नं. १: १३२ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयन अवस्थाको समिक्षा गरियो।

निर्णय नं. २: बनहरा तथा अनोखि खोलाबाट नदिजन्य पदार्थ उत्खननका लागि यस कार्यालयबाट मिति २०७९/०६/१४ गते बोलपत्र आह्वान भएको र तोकिएको अवधिमा कुनै पनि बोलपत्रदाताले बोलपत्र पेश नगरेकोकोमा देहायबमोजिम पुनः बोलपत्र आह्वान गर्ने ।

क) अध्यावधिक प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा तोकीएका वनहरा नदी (सहायक खोला अनौखि सहित) बाट उत्खनन् गर्न मिल्ने १० वटा साईट क्षेत्रहरुमध्ये क्षेत्र नं. १, ६, र १० हटाउने गरि बोलपत्र सम्बन्धि कागजात संसोधन गर्ने ।

ख) न्यूनतम कवोल अंक संशोधन गरि रू ६८,०४,८०७।५५/- (मू. अ. कर वाहेक) कायम गर्ने ।

ग) छनौट भएको बोलपत्रदाताले सम्झौता गर्दा पहिलो किस्ता स्वरुप सुरुमा जमा गर्नु पर्ने रकम संशोधन गरि कबोल अंकको २५ % कायम गर्ने ।

घ) छनौट भएको बोलपत्रदाताले सम्झौता गर्दा कवोल अङकको ७५ % रकम वरावरको बैंक ग्यारेन्टी जमा गर्नु पर्ने गरि वोलपत्र सम्बन्धि कागजात संसोधन गर्ने ।

ङ) छनौट भई सम्झौता भएको बोलपत्रदाताले दोस्रो र तेस्रो किस्ता वापत जमा गर्नु पर्ने रकम क्रमशः कवोल अंकको ३५% र ४० % कायम गर्ने ।

निर्णय नं. ३: लैङ्गिक समानता तथा समाजिक समावेशिकरण मार्गदर्शन, २०७९ र ज्येष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका, २०७९ को मस्यौदा कार्यपालिकामा प्रस्तुत भई छलफल गरियो ।

निर्णय नं. ४: सामुदायिक वनहरुको विवरण प्राप्त नभएकोले नगरपालिका क्षेत्रमा रहेका समुदायिक वन उपभोक्ता समूहहरुलाई पुन ताकेता गर्ने र सामुदायिक वन व्यवस्थापनका लागि आवश्यक कानून बनाउने ।

२०७९।०८।२८

निर्णय नं. ५: जेष्ठ नागरिक सम्बन्धि ऐन, २०६३ को दफा २५ बमोजिम यस नगरपालिका भित्र बसोबास गर्ने ज्येष्ठ नागरिकहरुलाई ज्येष्ठ नागरिक परिचयपत्र उपलब्ध गराउने ।

निर्णय नं. ६: भवन निर्माण संहिता तथा मापदण्ड कार्यविधि, २०७७ को दफा ४.३ को सडक अधिकार क्षेत्र सम्बन्धि व्यवस्था अनुसार हाल नक्सामा मापदण्ड भन्दा कम चौडाई भइ सार्वजनिक रहेका सडकहरुको हकमा, घर नक्सा पास निवेदक जग्गाधनीले सडकको मापदण्ड पुरा गर्न जग्गा छोडी घर बनाउन चाहेमा नक्सा पास अनुमति दिने ।

निर्णय नं. ७: व्यवसाय दर्ता तथा नविकरण सम्बन्धि कार्यविधि, २०७९ को मस्यौदा कार्यापालिकामा प्रस्तुत गरियो ।

निर्णय नं. ८: मृगौला प्रत्यारोपण गरेका, डायलासिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामिलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्वन्धि कार्यविधि, २०७८ बमोजिम नगरपालिकामा आ. व. २०७९/८० को पहिलो त्रैमासिकमा निवेदन पेश भएका देहाय बमोजिमका विरामिहरुलाई विपद व्यवस्थापन कोषबाट रकम भुक्तानी गर्ने।

देहायः

| सि. न. | दर्ता नम्बर | दर्ता मिति | नाम थर | ठेगाना | लक्षित रोग | रकम |
|---|---|---|---|---|---|---|
| १ | १४६ | १२/३०/२०७८ | कस्तुरी भुषाल | शु.न.पा.१० | क्यान्सर | १५००० |
| २ | ५४५ | ०४/२३/२०७९ | दल बहादुर महरा | शु.न.पा.१२ | डाईलियासिस | १५००० |
| ३ | ४४६ | ०४/१७/२०७९ | जयन्ती अवस्थी | शु.न.पा.१ | क्यान्सर | १५००० |
| ४ | ४५६ | ०४/१७/२०७९ | जयन्ती साउद | श.न.पा.५ | क्यान्सर | १५००० |
| ५ | ४५७ | ०४/१७/२०७९ | महाना जोशी | श.न.पा.५ | डाईलियासिस | १५००० |
| ६ | ५४३ | ०४/२३/२०७९ | रिया डगौरा | शु.न.पा.४ | डाईलियासिस | १५००० |
| ७ | ५४३ | ०४/२३/२०७९ | धनिराम चौधरी | शु.न.पा.४ | क्यान्सर | १५००० |
| ८ | ५४३ | ०४/२३/२०७९ | बिमल कुमार वड | शु.न.पा.४ | डाईलियासिस | १५००० |
| ९ | ५५७ | ०४/२३/२०७९ | लालमती धामी | श.न.पा.५ | क्यान्सर | १५००० |
| १० | ७१७ | ०४/३०/२०७९ | हरिना देवी भट्ट | शु.न.पा.१० | क्यान्सर | १५००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | ७७५ | ०५/०२/२०७९ | बसन्ता के.शी. | श.न.पा.५ | डाईलियासिस | १०००० |
| १२ | ७७४ | ०५/०२/२०७९ | गगन राज जोशी | श.न.पा.५ | क्यान्सर | १०००० |
| १३ | ७९७ | ०५/०५/२०७९ | गंगा कुमार बोहरा | शु.न.पा ८ | क्यान्सर | १०००० |
| १४ | ७९७ | ०५/०५/२०७९ | कल्पना भट्ट | शु.न.पा ८ | क्यान्सर | १०००० |
| १५ | ७९७ | ०५/०५/२०७९ | ईन्द्र सिंह धानुक | शु.न.पा ८ | डाईलियासिस | १०००० |
| १६ | ८७८ | ०५/०९/२०७९ | सिता जोशी | शु.न.पा. ५ | डाईलियासिस | १०००० |
| १७ | १०३० | ०५/१६/२०७९ | सुरजि देबी थारु | शु.न.पा.८ | क्यान्सर | १०००० |
| १८ | १३८२ | ०५/२८/२०७९ | धिरेन्द्र राना | शु.न.पा.६ | क्यान्सर | १०००० |
| १९ | १४०० | ०५/२९/२०७९ | बंम बहादुर राना | शु.न.पा.११ | क्यान्सर | १०००० |
| २० | १७०२ | ०६/०७/२०७९ | धन सिह राना | शु.न.पा. ४ | क्यान्सर | ५००० |
| २१ | २००० | ०६/२६/२०७९ | तिल कुमार कार्की | शु.न.पा.१० | क्यान्सर | ५००० |
| २२ | ९ | ०४/१०/२०७९ | पार्वती अवस्थी | सु.न.पा.७ | डाईलियासिस | १५००० |
| २३ | १० | ०४/१०/२०७९ | पदम बहादुर ठगुन्ना | सु.न.पा.७ | मृगौला प्रत्यारोपण | १५००० |
| २४ | ११ | ०४/१०/२०७९ | कलापती भट्ट | सु.न.पा.७ | क्यान्सर | १५००० |
| २५ | १७ | ०४/२२/२०७९ | उत्तरा सिंह | सु.न.पा.७ | क्यान्सर | १५००० |
| २६ | १२ | ०४/१०/२०७९ | हरिना देबी जोशी | सु.न.पा.७ | क्यान्सर | १५००० |
| २७ | १५ | ०४/१६/२०७९ | सिमा देबी डगौरा | सु.न.पा.७ | क्यान्सर | १५००० |
| २८ | १३ | ०४/१०/२०७९ | कालो भाट | सु.न.पा.७ | डाईलियासिस | १५००० |
| २९ | १४ | ०४/१०/२०७९ | कलावती देबी भट्ट | सु.न.पा.७ | क्यान्सर | १५००० |
| ३० | १६ | ०४/१८/२०७९ | शान्ती देबी जोशी | सु.न.पा.७ | क्यान्सर | १५००० |
| | | | | | जम्मा रकम | ३,८५,००० |

निर्णय नं. ९: नेपाल सरकारबाट स्वीकृत यस नगरपालिकाको संगठन संरचना, नगरपालिकाबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्भे प्रतिवेदन तथा अन्य आवश्यक अध्ययन गरी क्षेत्रीय शहरी विकास आयोजनाको प्राविधिक सहयोगमा तयार गरिएको शुक्लाफाँटा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भे प्रतिवेदनलाई परिमार्जन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने ।

देहायः

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) अधिकृत श्री मोहन राज फूलारा - सदस्य
ग) स्वास्थ्य शाखा प्रमुख - सदस्य
घ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
ङ) प्रशासन शाखा प्रमुख - सदस्य सचिव

निर्णय नं. १०: आ. व. २०७८/७९ को आ. वि. को मलेप फाराम नं. २२१ मा उल्लेखित वडा नं. ७ टोटि नाला शुक्लाफाँटा नगरपालिका मल्टि ट्रस निर्माण कार्यको एग्रो ईन्जनियरिङ वर्कस् प्रा. लि. बुटवल-१० लाई रू. १०,९८,६४३.६५ संघीय सरकार बाट हस्तान्तरित कार्यक्रम सशर्त अनुदानबाट भुक्तानी गर्ने ।

निर्णय नं. ११: प्रतिनिधिसभा तथा प्रदेश सभा सदस्य निर्वाचन, २०७९ मतदाता शिक्षा कार्यक्रम निर्देशिका बमोजिम यस नगरपालिकामा मतदाता शिक्षाका लागि खटिएका स्वास्थ्य स्वयंसेवीकाहरुलाई दैनिक रू. ५०० का दरले पारिश्रमिक र अन्य कार्यक्रम संचालन खर्च समेत समपुरक कोषबाट भूक्तानी गर्ने।

निर्णय नं. १२: यस नगरपालिका वडा नं. १२ र लालझाडी गाउपालिकाको सिमामा रहेको दोदा नदीमा भई रहेको नदिजन्य पदार्थ उत्खनन् सम्बन्धि छलफल गर्न लालझाडी गाँउपालिका संग समन्वय बैठक गर्ने ।

निर्णय नं. १३: नापी शाखाबाट बिभिन्न मितिमा प्राप्त फिल्ड प्रतिवेदन तथा सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम देहायका योजनाहरू संचालनका लागि देहायबमोजिम निर्माण स्थल तोक्ने।

| सि. नं. | योजनाको नाम | स्थान |
|---|---|---|
| १ | कभर्ड हल निर्माण | वडा नं. १० झलारी बजार मंच नजिक सुनवरा नदिको पश्चिम तर्फ खेलमैदान तथा गौचर क्षेत्र की. नं. ४१३ |
| २ | वडा नं. ९ स्वास्थ्य चौकी भवन निर्माण | नव निर्मित वडा कार्यालय भवन परिसरको दक्षिण क्षेत्र |
| ३ | वडा नं. २ स्वास्थ्य चौकी भवन निर्माण | वडा नं. २ लक्ष्मीपुरमा रहेको नव निर्मित वडा कार्यालय भवन परिसर भित्र |

निर्णय नं. १४: आ. व. २०७९/८० मा संघ समपूरक अनुदानबाट संचालन हुने वडा नं. २ खानेपानी योजना संचालन गर्नका २ नं. वडा कार्यालयको सिफारिस बमोजिम वडा नं. २ ढकनीया मितेरी पुलको पूर्व पट्टीको जमिन छनौट गरी योजना संचालनका लागि विस्तृत परियोजना प्रतिवेदन तयारि परामर्श सेवा खरिद गर्ने ।

निर्णय प्रमाणित